# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ती

नेपाल राष्ट्र बैंकका विभिन्न जगेडा तथा अवकास लगायतका लगानीयोग्य कोषहरूमा रहेको रकमको उपयोग गर्ने सिलसिलामा विभिन्न बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपको रूपमा राखिँदै आएकोमा सोका सन्दर्भमा हालसालै केही पत्रपत्रिकामा प्रकाशित समाचारप्रति बैंकको ध्यानाकर्षण भएको छ ।

मुलुकको केन्द्रीय बैंकका रूपमा कार्यरत नेपाल राष्ट्र बैंकले विद्यमान नीति, नियम एवम् निर्देशिका, वित्तीय स्रोत लगानीका प्रचलित सिद्धान्त, जोखिम व्यवस्थापन र केन्द्रीय बैंकको उद्देश्य अनुरूप विभिन्न कोषमा रहेको रकम व्यवस्थापन गर्ने गरिएको र समय समयमा लगानी नीतिमा पुनरावलोकन गर्ने गरिएको छ । तथापि यस सिलसिलामा कुनै एक वर्गका वित्तीय संस्थामा मात्र निक्षेप राख्ने विषयमा कुनै नीतिगत निर्णय नभएको कुरा नेपाल राष्ट्र बैंक स्पष्ट पार्न चाहन्छ ।

मिति : २०६८ साल जेठ १० गते मङ्गलबार ।